मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Offic of Rural Municipal Executive

शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

प.स. २०८०/०८१
च.नं ४२

मिति: २०८०/०४/१६

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिहदरबार काठमाण्डौ ।

विषय:- बहुक्षेत्रीय पोषण कार्यक्रम को प्रगति प्रतिवेदन सम्बन्धमा।

प्रस्तुत विषय सम्बन्धमा ताहाँ मन्त्रालयको च.नं १७ मिति २०८०/०४/१५ को प्राप्त पत्राअनुसार बहुक्षेत्रीय पोषण कार्यक्रम (ब.उ.शि.नं. ३६५००१०६) अन्तर्गत आ.ब.२०७९/०८० मा यस गाउँपालिकामा भएका कार्यक्रमहरुको प्रगति विवरण (आर्थिक विवरण) तयार गरि यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ।

.............................
नरबहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"
Website:-www.malikarjunmun.gov.np Email:-mrmdarchula@gmail.com/
info@malikarjunmun.gov.np
Contact: 9858784512, 9858784513

**मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको**

**कार्यालय शंकरपुर , दार्चुला**

**(बहुक्षेत्रीय पोषण कार्यक्रम )**

**आ.व.२०७९/०८०**

## कार्यक्रमहरुः

१.वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरुको क्षमता अभिमुखिकरण कार्यक्रम

२. गर्भवती तथा सुनौला १००० दिनका आमाहरुको जिवन स्तर सुधारको लागि तरकारि विउ वितरण

३. विद्यालय खानेपानी तथा शौचालय निर्माण कार्य सम्मपन्न

४. हजार दिनका आमाहरुको पोषणमा सुधार गर्ने उदेश्यले सहकारिलाई अनुदान

५ . पोषणमा सुधार ल्याउने उदेश्यका साथै गर्भवती आमाहरुलागि कुखुरा वितरण कार्य समपन्न भएको छ।

६. सेलिचमा विद्यालयको वास कर्नर निर्माण कार्यका लागि सम्झौता भइसकेको

७. महिला सहकारी तथा बहुक्षेत्रीय पोषण सम्बन्धि आयमुलक कार्यक्रम सञ्चालन कार्यविधि तयार तथा अनुदान वितरण

८.पोषण मैत्री स्थानीय शासन वडा तथा पालिका घोषणा कार्यविधि निर्माण

९. पोषणमैत्री स्थानीय शासन सम्बन्धि पालिका स्तरीय अभिमुखीकरण सम्पन्न

१०.हजार दिनका आमाहरुलाई कृषि औजार खरिद गरि वितरण कार्य सम्पन्न

११.स्वरस्वती मा.वि.उकु गारडा मा.वि. र भगवती मा.वि. मा पोषण सप्ताह कार्यक्रम तथा पत्रुखाना न्युरुतसाहित कार्यक्रम सम्पन्न

१२. पोषणमैत्री टोलघोषणाको लागि उकु तल्लो टोलमा ४० घरधुरिमा चाङ्ग जुठ्यान सहितको धारा निर्माण



**महिना २०८० /०४/ १६**

प्रतिवेदन तयार पार्ने:

रविन्द्र सिह धामी पोषण संयोजक

**परिचयः**

दार्चुला जिल्लामा पर्ने मालिकार्जुन गाउँपालिका एक ऐतिहासिक,राजनैतिक,प्राकृतिक,साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण गउँपालिका हो । दार्चुला जिल्लाको मालिकार्जुन गाउँपालिकाले, साविकका मालिकार्जुन गा.वि.स , डाडाकोट गा.वि.स ,उकु गा.वि.स , भगवती गा.वि.स, हुनैनाथ गा.वि.स र शंकरपुर गा.वि.स भित्र पर्ने सम्पुर्ण क्षेत्र ओगटेको छ। यस मालिकार्जुन गाउँपालिकाको पुर्वमा शैल्यशिखर नगरपालिका,पश्चिममा पवित्र माहाकाली नदि (भारत सिमाना),उत्तरमा महाकाली नगरपालिका र दक्षिणमा लेकम गाउँपालिका र केहि भाग शैल्यशिखर नगरपालिकाको रहेको छ । यस मालिकार्जुन गाउँपालिकामा पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपुर्ण नेपालकै सातौ धाम मालिकार्जुन,विभिन्न देवीदेवताका मन्दिरहरु ,खोलानाला , वनजंगलहरु, ढुङ्गार स्लेट,जडीबुटि,वन पैदावर,कृषि,पशुपालन,नगदेबाली लगायतका थुप्रै सम्भावना रहेका छन।समावेश भएका गाविसहरु भगवती, मालिकार्जुन, हुनैनाथ, डाँडाकोट, उकु र शंकरपुर

१ जनसंख्या २० हजार १ सय ३३<br>
२ क्षेत्रफल १००.८२वर्गकिलोमिटर<br>
३ घरधुरी ३२९५

४ केन्द्र साविकको शंकरपुर गाविस कार्यालय

मालिकार्जुन गाउपालिकाको कार्यालय शंकरपुरको आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँ कार्यपालिकाको कार्यालयल निर्णय गरे बमोजिमको विगत का आ.व.हरुमा यस गाउँपालिकाको वाड हरुमा सघनरुपमा कार्यक्रम संचालन भईसकेको तथा चालु आ.वमा कार्यन्वयन भइरहेको र गत आ.व.मा भुक्तानि बाँकी कृष्ण मा.वि.मा संचालन गरिएको योजना तयार गरी समयमै सम्पन्न भईसकेको छ।बहुक्षेत्रीय पोषण योजनाका क्रियाकलापहरुको समग्र स्थिति काम सम्पन्न भएको काम नभएको काममा बाधा परेको तथा विस्तृत मुल्याङ्कन प्रगतिको सारांश मालिकार्जुन गाउँपालिका अन्तर्गत सन्चालन भएको बहुक्षेत्रीय पोषण योजना कार्यक्रमको समग्र स्थितिलाई हेर्दा कार्यक्रमको वार्षिक कार्ययोजना निर्माण को प्रकृया सुरुभएता पनि कार्यक्रम कार्यावियनको चरणमा अघि वडिरहेको अवस्थामा यस गाउँपालिका मा पनि निर्धारित कार्ययोजना निरन्तर अघि बढिरहेको र गाउँपालिका स्तरीय अभिमुखीकरण कार्यक्रम तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको वैठक र अभिमुखीकरण कार्यक्रम संगै विषयगत शाखाका सबै कार्यहरु स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई समयमै सम्पन्न गर्ने उदेश्यले कार्यक्रमहरु संचालन रहेका छ।

## कार्यक्रमको परिचयः

नेपाल सरकारको आ.व. २०७९/०८० को बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत किशोर किशोरी वालवालिका तथा गर्भवती र सुनौला १००० दिनका आमा र बालबालिकाहरुको पोषण स्थितिमा सुधार ल्याउने उदेश्यले बहुक्षेत्रीय पोषण कार्यक्रम यस मालिकार्जुन गाउँपालिकामा पनि संचालनमा रहेको छ । पोषण प्रवद्धनका लागि समुदायमा विशेष गरि सुनौला १००० दिनका आमा र बच्चा किशोरकिशोरीहरु र महिला स्वास्थ्य स्वयंसेविका र स्वस्थ्य संस्था विद्यालयमा सरसफाई तथा पोषण प्रवर्द्धनका क्रियाकलापहरुलाई कार्यक्रमले प्राथमिक्ता राखि कार्य गर्दै आईरहेको छ।

## कार्यक्रमको उद्देश्य :

नेपाल सरकारको आ.व. २०७९/०८० को बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत किशोरकिशोरी बालवालिका तथा गर्भवती र सुनौला १००० दिनका आमा र बालवालिकाहरुको पोषण स्थितिमा सुधार ल्याउने

- ✓ सुनौला हजार दिनका आमा तथा बालबालिका र किशोरीहरुको पोषण अवस्थामा बिशोष सुधार भएको हुनेछ।
- ✓ सुरक्षित तथा पोषण युक्त खाद्यबस्तुहरुको उपलब्धता र उपयोगमा बृद्धि भएको हुनेछ।
- ✓ पशुपक्षी जन्य स्रोतको उपलब्धता र उपभोगमा बृद्धिभएको हुनेछ।
- ✓ बालविवाह तथा छाउपडि प्रथामा सुधार भएको हुनेछ ।
- ✓ मानवजीवनका लागि पोषण मैत्री क्रियाकलाप मार्फत पोषणको सुचना प्रवाह गरेको हुनेछ ।
- ✓ सबै विद्यालयहरुले पोषण मैत्री क्रियाकलाप मार्फत पोषणको सुचना प्रवाह गरेको हुनेछ।
- ✓ प्रत्येक घरपरिवारमा पोषण मैत्री घर बगैचा तयार भएको हुनेछ।
- ✓ पर्ण सरसफाई घर टोल बस्ती वडा तथा गाउँपालिका घोषणाको लागि पुर्ण सरसफाईका सबै सूचकहरु पुरा भएका हुनेछन ।
- ✓ गाउँपालिकाको पोषण सवाललाई गाउक्षेत्रका सबै गतिविधिहरुमा समावेश गरी कार्यान्वयन गरेको हुनेछ।
- ✓ पोषण मैत्री वडा तथा पालिका घोषणा आधार तयार भइ पोषण मैत्री पालिका सूचकहरु पुरा भएका हुनेछन ।

## कार्यक्रम संचालन प्रक्रिया :

- गाउँपालिका स्तरमा पोषण तथा खाद्य सुरक्षा समितिको बैठकमा पोषण तथा सरसफाई प्रवर्द्धन कार्यक्रमको समिक्षा वडा तथा पालिका स्तरको सुक्ष्म योजना अध्यवधिक गरि पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन गरि समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने ।

- वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरुको क्षमतम विकास पश्चात पोषण प्रवर्द्धनका गरि संचालित क्रियाकलापहरुको अनुगमन निरन्तर गर्ने ।
- पालिका भित्रका ६ महिना देखि ५९ महिना सम्मका ७३५ बालबालिकाहरुको पोषण लेखाजोखा गर्दा कडा शिघ्र कुपोषण भएका १४ जना र मध्यम शिघ्र कुपोषण भएका ४२ जनाको निर्देशिका अनुसार उपचार भइरहेको छ ।
- पोषणमा सुधार ल्याउने उदेश्यले यस गाउपालिका भित्र रहेका २३४ जना र अन्य घरधुरि का २१६ जना लाई तरकारिको विउवितरण गरिसकैको र यमित वडामा रहेको पोषण समितिहरुले अनुगमन गर्ने गरेको छ र पालिका स्तरवाट पनि पोषण संयोजकले पनि छडके अनुगमान गर्ने गरेको छ।
- प्रतेक वडाहरुमा पोषणमा सुधार ल्याउने उदेश्यले समुदायिक महिला स्वयम सेविकाहरुले पोषिलो जउलो प्रदर्शनि सरसफाई सम्बन्धि छलफल आईरन फोलिक एसिड जुक्काको औषधि वितरण वारे छलफल गर्ने गरेको
- कृष्ण मा.वि. डाडाकोट विद्यालयमा खानेपानि तथा शौचालय निर्माण कार्य सम्पन्न भइ भुक्तानि प्रक्रिया अगाडिवढिसकेको
- सरस्वति मा.वि. सेलिचमा विद्यालयमा वास कर्नर को सम्झौता गरि कार्य संचालनमा रहेको
- महिलाहरुको सामाजिक तथा आर्थिक स्तरोन्नती सहित सशक्तिकरण र व्यवसायिक उद्यमशीलता प्रर्वद्धन गर्ने उदेश्यले सहकारि छनौट प्रक्रिया पुरा भइ सम्झौता कार्य अगाडि बढिसकेको छ।
- गर्भवती महिलाहरुको पोषण अवस्था सुधार गर्ने उदेश्यले कुखुरा खरिद प्रक्रिया सम्पन्न भएको र जेठ महिनाको पहिलो हप्ता मालिकाजुन गाउँपालिकामा दाखिला गरि वितरण गरिनेछ ।

**पोषणको अवस्था सुधारमा देखिएका चुनौतिहरुः**

- ❖ पूर्ण स्तनपान
- ❖ मालिकार्जुन गाउपालिका भरि १००० दिनका आमाको संख्या हेर्दा ८०० जना को डाटा उपलब्ध भए पछि खरिद प्रक्रियामा असहजता हुने गरेको
- ❖ स्थानीय उत्पादन कम हुनु र स्थानीय उत्पादनको उपभोगमा कमि
- ❖ पशु जन्य आहारको पहुचमा कमि
- ❖ बालबालिकाको तथा घरायसि सरसफाई कमजोर
- ❖ खाद्य पदार्थबाट पाईने पोषक तत्वको बारेमा जानकारी नहुनु
- ❖ स्वास्थ्य तथा अन्य सेवा लक्षित वर्गको पहुच नहुनु
- ❖ किशोर किशोरिमा प्रजन्न स्वास्थ्य तथा पोषणका बारेमा जानकारि नहुनु
- ❖ महिलाको कार्य बढि हुनु
- ❖ <u>असल अभ्यासहरु</u>

कुपोषणको दर पत्ता लगाउन कार्यविधि तयार गरि बर्षमा २ पटक बालबालिकाहरुको पोषण लेखाजोखा गर्नेख।

विभिन्न पोषण सम्बन्धी खानपान बानी व्यवहारमा सुधार सम्बन्धी फ्लेक्स प्रदर्शन।

आय अर्जनको क्षेत्रमा काम गर्दा सरहकारी मार्फत प्रतेक वस्तीस्तरमा गई योजना छनौट

# मालिकार्जुन गाउपालिका बहुक्षेत्रीय पोषण कार्यक्रमबाट संचालिक क्रियाकलपहरुको प्रगतिविवरण

| क्र. स | कार्यक्रमको नाम | बिनियोजित रकम | खर्च रकम | बाकि रकम | लक्ष्य | प्रगति | लाभावित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | *वास कर्नर निर्माण (ड्रम धारा ) दिवा खाजा भएका विद्यालयहरुमा* | 60,000 | 60,000 | 0 | 2 | 2 | 247 | |
| २ | सूचना सामग्री छपाई तथा प्रर्दशनी कार्यक्रम | 45,000 | 45,000 | 0 | 2 | 2 | | |
| ३ | *तरकारि विउ खरिद कार्यक्रम* | 250,000 | 250,000 | 0 | 450 | 450 | 2250 | |
| | *कृषक लाई प्रोत्साहन गर्न कृषि ओजार सामग्रि वितरण* | 50,000 | 50,000 | 0 | 16 | 16 | 80 | |
| ४ | *पोषण सामग्री ढुवानी* | 30,000 | 0 | 30,000 | 30 | 30 | | |
| ५ | बहिरंग उपचार केन्द्र (OTC) को स्थापना वा सुदृढीकण वा पोषणको लेखा जोखा तथा पालिकामा रहेका ओटिसीहरु संचालनका लागि स्वास्थ्य कर्मीहरु र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका लागि संचार यातायात तथा उत्प्रेरणा खर्च | 50,000 | 50,000 | 0 | 700 | 735 | 735 | |
| ६ | *पोषण मैत्री स्वास्थ्य संस्था घोषणा* | 50,000 | 49,900 | 100 | 1 | 1 | 1 | |
| ७ | *पत्रु खाना न्युनिकरण गर्नको लागि विद्यालयहरुमा कार्यक्रम संचालन (1)* | 20,000 | 20,000 | 0 | 2 | 3 | 166 | |
| ८ | पोषण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण | 20,000 | 6,593 | 13,407 | 2 | 1 | 1 | |
| ९ | पालिका स्तरीय पोषण समिति बैठक | 60,000 | 60,000 | 0 | 2 | 2 | 88 | |
| १० | वडा स्तरीय पोषण समिति बैठक | 101,000 | 101,000 | 0 | 1 | 1 | 131 | |
| ११ | सहकारि समुहलाई योजना छनौट सम्बन्धि अभिमुखिकरण | 15,000 | 15,000 | 0 | 1 | 1 | 36 | |
| १२ | *सहकारि मार्फत आयअर्जनमा कार्यक्रम संचालन गर्न* | 625,000 | 625,000 | 0 | 25 | 50 | 36 | |
| १३ | गर्भवती आमाहरुलाई पुशपन्क्षी तर्फ कुखुरा खरिद | 324,000 | 324,000 | 0 | 800 | 800 | 3758 | |
| १४ | *कर्मचारी तलब चाडपर्व खर्च* | 551,720 | 551,720 | 0 | | | | |
| १५ | कर्मचारी लुगा भत्ता | 10,000 | 10,000 | 0 | 1 | 1 | 1 | |
| १६ | पोषणमैत्री स्थानीय शासन सम्बन्धि तालिम | 150,000 | 150,000 | 0 | 60 | 54 | 40 | |
| १७ | स्थीतिपत्र तयारी का लागि छलफल | 50,000 | 50,000 | 0 | 20 | 20 | 35 | |
| १८ | तल्ला गाउँ चांग जुठ्यान निर्माण | 238,800 | 238,000 | 800 | 40 | 40 | 291 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | तरकारि विउ खरिद / शौचालय मर्मत | 61,200 | 61,200 | 0 | 40 | 40 | 291 | |
| **जम्मा खर्च** | | **2,761,720** | **2,717,413** | **44,307** | **1,695** | **2,249** | **8187** | |
| | | 100.00 | 98.40 | | 100.00 | 132.68 | | |

**बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यन्वय पश्चात पालिकास्तरमा भएका उपलब्धिहरु**

- ✓ पालिका स्तरमा बाल संजाल गठन हुनु।
- ✓ पालिका स्तरमा वालविवाह न्युनिकरणका लागि पहलकदमि हुनु।
- ✓ लागत साझैदारिमा पोषण सम्बन्धि कार्यक्रम संचालनमा रहेको छ।
- ✓ पोषणमैत्री गाउपालिका घोषणाको लागि गाउपालिका ले बजेटको लागत साझेदारिको लागि बजेट विनियोजित गरिनु ।
- ✓ सबै विद्यालयबाट पूर्ण सहभागी हुनु ।
- ✓ एउटा किशोरीले पोषण सुधार सम्बन्धी जनचेतना गर्न सक्ने भूमिका बोध हुनु ।
- ✓ सुनौला हजार दिने आमाहरुलाई खानपान र सरसफाईमा ध्यान आर्कषक गरिनु ।
- ✓ बालबालिकामा सरसफाई सम्बन्धी हातलाई साबुन पानीले धुनु पर्छ भन्ने बानीको विकास हुनु ।
- ✓ विपन्न समुदायका महिलाहरुले व्यवसाय प्रती उत्साहित हुनु ।
- ✓ महिलाहरुमा बालबालिकाहरुको वृद्धि अनुगमन गर्नुपर्छ भन्ने भावनाको विकास हुनु ।
- ✓ कुखुरा पालन, तरकारी खेती र स्थानीय स्तरमा उत्पादन हुने बाली प्रती बढी चासो राख्नु ।
- ✓ वडा स्तरबाट बुहुक्षेत्रिय पोषण कार्यक्रमको अनुसरण गरि वडास्तरीय कार्यक्रममा समेटिनु ।





वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक



पालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक



गर्भवती आमाहरु संग पोषण तथा सरसफाई को कमि को कारण बालबालिकामा पर्ने असर वारे छलफल







गाउँपालिका अन्तर्गत का सबै वडाका गर्भवती तथा अन्य व्यक्तिहरु गरि जम्मा ४३५ घरधुरिमा तरकारिको विउ वितरण कार्य सम्पन्न भएको छ ।







गाउँपालिका अन्तर्गत का सबै वडाहरुको पोषण लेखा जोखा कार्य समपन्न १४ जना कडा शिघ्र कुपोषण ४२जना मध्यम शिघ्र कुपोषित सामान्य वालवालिकाको संख्या ६७८ ।








गाउँपालिका बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत वडा ५मा गत आ.व. मा कृषण मा.वि. डाडाकोटमा सम्पन्न भइसकेको र उक्त योजना को भुक्तनि प्रक्रियामा रहेको







**मालिकार्जुन गाउँपालिका बहुक्षेत्रीय पोषण कार्यक्रम रिपोट २०७९**

गाउँपालिका बहुक्षेत्रीय पोषण कार्यक्रम  अन्तर्गत पोषणमैत्री स्थानीय शासन सम्बन्धि अभिमुखिकरण

सहभागी संख्या ४१ जना महिला .........पूरुस ......





गाउँपालिका बहुक्षेत्रीय पोषण कार्यक्रम  अन्तर्गत कृगि औजार वितरण कार्य सम्पन्न

सहभागी संख्या १६जना महिला १६

पोषणमैत्री टोल घोषणा को लागी तयारी छलफल उकु बस्तीमा




पोषण सप्ताह  तथा पत्रु खाना न्यनिकरण सम्बन्धि  अभिमुखिकरण





## गरे के सम्भव हुदैन

दार्चुला जिल्लामा पर्ने मालिकार्जुन गाउँपालिका एक एतिहासिक राजनैतिक प्राकृतिक साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण गाउँपालिका हो । दार्चुला जिल्ला मालिकार्जुन गाउपालिकाले साविकका मालिकार्जुन गाविस डाडाकोट गाविस उकु गाविस भगवती गाविस हुनैनाथ गाविस शंकरपुर गाविस भित्र पर्ने सम्पुर्ण क्षेत्र ओगटेको छ। यस मालिकार्जुन गाउँपालिकाको पुर्वमा शौल्यशिखर नगरपालिका पश्चिममा पवित्र माहाकाली नदि भारतको सिमाना उत्तरमा महाकाली नगरपालिका र दक्षिणमा लेकम गाउँपालिका र केहि शौल्यशिखर नगरपालिकाको रहेको छ। यस मालिकार्जुन गाउँपालिकामा पवित्र धार्मिक एंव प्राकृतिक सौन्दर्यले भरिपुर्ण नेपालकै सातौ धाम मालिकार्जुन विभिन्न देवीदेवताका मन्दिरहरु खोलानाला वनजंगलहरु ढुङ्गारस्लेट जडीबुटि वन पैदावार कृषि पशुपालन नगदेवाली लगायतका थुप्रै सम्भावना रहेका छन। यस गाउपालिकामा कुल३२९५ घरधुरी रहेकोमा र साविकको उकु गाविस मा कुल ४५४ घरधुरी रहेको छ बहुक्षेत्रीय पोषण कार्यक्रम २०७७ साल देखि संचालमा रहेको छ र पोषणको अवस्था सुधार गर्ने उदेश्य अनुरुप सरस्वती मावि उकुमा पोषण सप्ताह कार्यक्रमको आयोजना गरेका थियो। पोषण सम्बन्धि कार्यक्रम हाम्रो वडामा सघनरुपमा संचालमा आए पछि वालवालिकाहरु घरमा आएपछि आपना आमा बाबालाई आज देखि हामि चाउँचाउ विस्कुट खदैंनो भन्न थाले किन आज यस्तो भन्छनत भनेर बुझदै जादा पोषण सप्ताहको दिन पोषण सहजकर्ता सरले आजबाट फलफुलमात्र खाने चाउचाउ विष्कुट खाएमा रोगहरुलाग्ने जडिस हुने कुराहरु बताएको रहेछ। त्यसको प्रभाव अहिले समुदाय स्तरका वालवालिकाहरुलाई सोध्दा पनि हामि त आज मेवा आप खान्छै भनेर भन्ने गरेको सुन्छै । गाउँपालिका स्तरिय पोषणमैत्री स्थानिय शासन अभिमुखि करण कार्यक्रमबाट वडा नम्बर ६ लाई छनौट गरे पश्चात वडा स्तर वाट पनि तल्लो गाउँमा दलित घरधुरि तथा गौरदलित घरधुरि छनौट गरि कार्यक्रम संचालन गरिएको थियो । वडामा रहेको पोषण निर्देशक समिति हरु सहितको टोलि तल्लो गाउँमा जादा सरसफाईको अवस्था एकदम नाजुक रहेको थियो र हरिश पार्किको भनाई अनुसार( पहिले हामि खाना खाइ सकेपछि पर्सो पाक्छ भनेर भाडा माझने र सुकाउने चलन बाजेको पाला देखिनै चलिरहेको थियो) पोषण सहजकर्ता सरले बेलाबेला आएर सरसफाइको संगै पोषणको अवस्था सुधार को लागि टोलमै आएर छलफल संचालन गर्दै जादा बल्ल हाम्रो बुद्धि पलायो र पर्सोमा भाडा सुकाउदा हुने खतराको बारेमा जनकारि गराउनु भयो र वालबालिकाको शरिरमा फेसडा आउने बच्चाहरु खानाखन अरुचि गर्ने कारण भनेकै पर्सोमा भाडा सुकाउने गर्नाले भाडाहरुमा गन्ध आउने र भाडामा लागेको गबरको कारणले रोग निम्त्याउने रहेछ भन्नेकुरा थाहा पायौ र भाडा सुकाउने चाङ्गको महत्वको बारेमा व्यापक छलफल पश्चात तल्लो गाउँका मानिसहरु चाङ्ग जुठ्यान सहितको धारा निर्माणमा लाग्ने जनश्रमदान लागत साझेदारि गर्न सहमत भएपछि उपभोक्ता समिति मार्फत संचालन गर्ने र लागत साझेदारी मालिकार्जुन गाउँपालिका बहुक्षेत्रीय पोषण कार्यक्रमको ५० प्रतिशत र उपभोक्ताहरुको ५०





प्रतिशत लागत साझेदारीमा ४० घरधुरिमा चाङ्ग जुठ्यान स हितको धारा निर्माण कार्य सम्पन्न हुनमा मालिकार्जुन गाउँपालिका बहुक्षेत्रीय पोषण योजनाको निकै ठुलो योगदान रहेको छ । पोषणमैत्री टोल घोषणा गर्नको लागि सबै वस्तीहरुमा भाडा सुकाउने चाङ्ग भाडा धुने जुठ्यान सहितको धारा निर्माण फोहर फाल्ने खाडल घरघरमा करेशावारि लगाउने कार्य तीव्र गतीमा भइरहेको छ।



प्रतिबवेदक
रविन्द्र सिह धामी
पोषण संयोजक

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत